नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**राजस्व अनुसन्धान विभाग**
हरिहरभवन, पुल्चोक, ललितपुर

# प्रेस विज्ञप्ती

## झुट्टा तथा नक्कली मूल्य अभिवृद्धि कर विजक प्रयोग गरी राजस्व चुहावट गरेको अभियोगमा तपसिलमा उल्लेखित फर्महरुबाट ४० करोड ६१ लाख विगो असुल र विगोको दोब्बर जरिवाना एवं कैद सजायको माग दावी लिई अदालत पाटनमा मिति २०७७।०३।१७ मा मुद्दा दायर गरिएको छ ।

**१. झुट्टा तथा नक्कली मु.अ.कर विजक प्रयोग गरी राजस्व छलि गर्ने काठमाडौ महानगरपालिका वडा नं. २५ वस्ने न्यू सागर प्लाष्टिक कन्सर्न (स्था.लेखा नं. ५००२०१९८५) का प्रोप्राईटर सञ्जु किजु तथा मुख्य आरोपित व्यक्ति सागर किजुले २६ करोड ८२ लाख तथा सुप्रिम प्लाष्टिक कन्सर्न (स्था.लेखा नं. ३०४५८४२६६) का प्रोप्राईटर सागर किजुले राजस्व चुहावट गरेको अभियोगमा ५ करोड ७७ लाख समेत जम्मा रु ३२ करोड ६० लाख विगो असुल एवं कैद मागदावी लिई मिति २०७७-०३-१७ गते उच्च अदालत पाटनमा मुद्दा दर्ता गरिएको ।**

**न्यू सागर प्लाष्टिक कन्सर्न (स्था.लेखा नं. ५००२०१९८५)** तथा **सुप्रिम प्लाष्टिक कन्सर्न (स्था.लेखा नं. ३०४५८४२६६)** ले वस्तु तथा सेवा खरिद नै नगरी झुठ्ठा तथा नक्कली मु.अ. कर विजक मात्र खरिद गरी मूल्य अभिवृद्धि कर र आयकर समेतको राजस्व चुहावटको कसूरमा संलग्नता रहेको देखिएको । प्रतिवादीले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेधित एवं सोही ऐनको दफा ४ को खण्ड (क), (ख), र (छ) बमोजिम कसुर गरी न्यू सागर प्लाष्टिक कन्सर्न (स्था.लेखा नं. ५००२०१९८५) ले मु.अ.कर तर्फ रु. ८,१८,४५,४८७।५२ र आयकर तर्फ रु. १८,६३,८८,१४७।२९ तथा सुप्रिम प्लाष्टिक कन्सर्न (स्था.लेखा नं. ३०४५८४२६६) ले मु.अ.कर तर्फ रु.१,७७,१७,३७४।६६ र आयकर तर्फ रु. ४,००,५५,१०२।२६ राजस्व चुहावट गरेकोले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) बमोजिम जम्मा विगो रु. **३२,६०,०६,१११।७४** (अक्षेरुपी वत्तिस

करोड साठी लाख छ हजार एक सय एघार रुपैया पैसा चौहत्तर मात्र) कायम गरी राजस्व चुहावट गरेको वारदात स्थापित हुन आएकोले न्यू सागर प्लाष्टिक कन्सर्नका प्रोप्राईटर सञ्जु किजु तथा मुख्य आरोपित व्यक्ति सागर किजु तथा सुप्रिम प्लाष्टिक कन्सर्नका प्रोप्राईटर सागर किजुलाई उल्लिखित कसुर अपराधमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३ को उपदफा (१) र (३) तथा सोही ऐन (पहिलो संशोधन -२०७६) को दफा २३(१) को खण्ड (घ) र २३ (४) वमोजिम विगो रकम रु. **३२,६०,०६,१११।७४** असुल उपर गरी विगोको दोब्बर जरिवाना र कैद सजाय हुन माग दावी लिई मिति २०७७-०३-१७ गते उच्च अदालत पाटन ललितपुरमा मुद्दा दर्ता गरिएको ।

**२. झुट्टा तथा नक्कली मु.अ.कर विजक प्रयोग गरी राजस्व छलि गर्ने काठमाण्डौं जिल्ला काठमाडौं महानगरपालिका स्थित बिकोई/स्काई/ बंगलामुखी जे.भी. (स्था. ले. नं. ६००८२९४९४) का संचालक साझेदार रोशन कुमार श्रेष्ठ समेतले राजस्व चुहावट गरेको अभियोगमा ८ करोड १ लाख विगो असुल एवं कैद मागदावी लिई उच्च सरकारी वकिलको कार्यालय ललितपुरमा मिति २०७७-०३-१७ मुद्दा दर्ता गरिएको ।**

**बिकोई/स्काई/ बंगलामुखी जे.भी. (स्था. ले. नं. ६००८२९४९४)** ले वस्तु तथा सेवा खरिद नै नगरी झुठ्ठा तथा नक्कली मु.अ. कर विजक मात्र खरिद गरी मूल्य अभिवृद्धि कर र आयकर समेतको राजस्व चुहावटको कसूरमा संलग्नता रहेको देखिएको । प्रतिवादीहरुले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन,२०५२ को दफा ३ ले निषेधित एवं सोही ऐनको दफा ४ को खण्ड (क), (ख), (च) र (छ) बमोजिम कसुर गरी मु.अ.कर तर्फ रु. २,८३,६४,४८४।०५, र आयकर तर्फ रु. ४,५२,०७,४२८।९८ र लाभाँश कर रु. ६५,३३,९१३।२६ राजस्व चुहावट गरेकोले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) बमोजिम हुने जम्मा **विगो रु. ८,०१,०५,८२६।२८** (अक्षरेपी आठ करोड एक लाख पाँच हजार आठ सय छब्बिस रुपैया अठ्ठाइस पैसा मात्र) राजस्व चुहावट गरेको वारदात स्थापित हुन आएकोले बिकोई/स्काई/ बंगलामुखी जे.भी. (स्था. ले. नं. ६००८२९४९४) का संचालक साझेदार रोशन कुमार श्रेष्ठ समेतलाई उल्लिखित कसुर अपराधमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३ को उपदफा (१) र (३) तथा सोही ऐन (पहिलो संशोधन -२०७६) को दफा २३(१) को खण्ड (घ) र २३ (४) वमोजिम विगो रकम रु. ८,०१,०५,८२६।२८ असुल उपर गरी विगोको दोब्बर जरिवाना एवं कैद सजाय हुन माग दावी लिई उच्च अदालत पाटन ललितपुरमा मिति २०७७-०३-१७ मुद्दा दर्ता गरिएको ।

**सूचना अधिकारी**
**राजस्व अनुसन्धान विभाग**